**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ भाद्र २४ गते मंगलबार ❑ 9 Sept. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## जेनजी प्रदर्शनमा ५ प्रदर्शनकारी सहित ४ सुरक्षकर्मी घाइते





**पोखरापत्र संवाददाता**
पोखरा, २३ भाद्र

पोखरामा जेनजी समूहको आन्दोलन भड्किएसंगै ५ जना प्रदर्शनकारी सहित ४ जना सुरक्षाकर्मी घाइते भएकाछन । आन्दोलनको क्रममा २९ जनालाई पक्राउ गरिएको कास्की प्रशासनले जनाएको छ ।

पोखरामा सोमबार जेनजी समुहको आन्दोलनको क्रममा आन्दोनलकारी र सुरक्षकर्मी सहित ९ जना घाईत भएको बताउदै कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले उश्रृंखल व्यवहार गर्ने २९ जनालाई पक्राउ गरिएको उल्लेख गरिन् ।

गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आन्दोलनकारीहरुले तोडफोड समेत गरेकाछन भने एक सरकारी गाडी माथि तोडफाड गरेका थिए ।

स्थिति नियन्त्रण बाहिर गएपछि जिल्ला प्रशासन कार्यालय कास्कीले सोमबारदिउँसो २ बजेदेखि अर्को आदेश जारी नभएसम्मका लागि पोखराको शहीदचोक, राष्ट्रबैंक चोक र मुख्यमन्त्री कार्यालय आसपासका क्षेत्रमा अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको छ । प्रजिअ शर्माद्धारा जारी प्रेस विज्ञेप्तिमा उक्त सूचना जारी गरेकी हुन् । पोखराको रत्नचोक क्षेत्रमा सोमबार दिनभर जसो प्रहरी र आन्दोलनकारी बिच पटक पटक झडप हुदाँ त्यहाँको अबस्था असामान्य भएको थियो । आन्दोलनकारीले प्रहरी माथि ढुंगा प्रहार गर्दै सडकमा टायर समेत वालेर बिरोध गर्दा प्रहरीले अश्रु ग्याँस तथा रवरको गोली प्रहार गरेको थियो ।

सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता गर्नुपर्ने र भ्रष्टाचार अन्त्य गर्नुपर्ने मागसहित आन्दोलनमा उर्त्रिएको जेनजी समुहले पोखरामा सोमबार बृहत बिरोध सहित जुलुस प्रर्दशनी गर्दै गण्डकी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको झ्यालका सिसा तोडफोड गरेसंगै प्रहरी र आन्दोलनकारी बिच झडकको अबस्था सृजना भएको हो । आन्दोलनकारीले गण्डकी प्रदेशको वन मन्त्रालयको सवारी साधन बा २ झ ४२२ नम्बरको गाडी तोडफोड गरेका छन् ।

गम्भीर घाइतेमध्ये विनेस गुरुङलाई आँखा भन्दा माथिको भागमा गोली लागेको छ भने उनको हाल गण्डकी मेडिकल कलेजमा उपचार भई रहेको छ । उनी खतरामुक्त भएको अस्पताल श्रोतले जनाएको छ ।

सोमबार बिहान ९ बजेदेखि सभागृह चोकबाट सुरु भएको प्रदर्शन चिप्लेढुंगा हुँदै मानवअधिकार चोकसम्म पुगेपछि स्थिति तनावपूर्ण बनेको हो । सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फिर्ता गर्नुपर्ने र भ्रष्टाचार अन्त्य गर्नुपर्ने मागसहित जेनजी पुस्ताका युवाहरू सडकमा उर्त्रिएको थियो । पोखराको उक्त आन्दोलनमा जेनजी समुहकोका युवा तथा विद्यार्थीहरुको समुह सडकमा उर्त्रिदै नारा जुलुस प्रर्दशन गरेका थिए । उक्त आन्दोलनमा केही राजनीतिक दलका नेताहरु समेत देखा परेका थिए । बेलुका अवेरसम्म पोखरामा पनि युवाहरुको आन्दोलन जारी रहेको थियो ।

## प्रदर्शनमा १९ को मृत्यु, देशभर तीन सयभन्दा बढी घाइते

**रासस**
काठमाडौं, २३ भाद्र



सोमबार 'जेनजी' पुस्ताको नाममा भएको प्रदर्शनका क्रममा हालसम्म मुलुकभर १९ जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हालसम्म तीन सय ४७ जना घाइते भएको जनाएको छ ।

मन्त्रालयका अनुसार सिभिल अस्पतालमा उपचार गर्ने क्रममा तीन जनाको मृत्यु भएको छभने एक सय जनाको उपचार भइरहेको छ । यस्तै वीर अस्पतालमा छ जनाको उपचार भइरहेको छ । राष्ट्रिय ट्रमा सेन्टरमा ५९ जना उपचाररत छन् भने उपचारका क्रममा आठ जनाको मृत्यु भएको छ ।

यसैगरी बानेश्वरस्थित एभरेष्ट अस्पतालमा एक सय दुई जना घाइतेको उपचार भइरहेको र तीन जनाको मृत्यु भइसकेको जानकारी प्राप्त भएको मन्त्रालयले जनाएको छ । आठ जनालाई अन्यत्र रेफर गरिएको छ । यस्तै, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चार जनाको उपचार भइरहेको छ । काठमाडौं मेडिकल कलेज शिक्षण अस्पतालमा ३७ जनाको उपचार भइरहेको छभने उपचाररत दुई जनाको मृत्यु भएको छ । घाइतेमध्ये छ जनाको शल्यक्रिया गर्नुपर्ने अस्पतालले जनाएको मन्त्रालयले उल्लेख गरेको छ । यसैगरी, नर्भिक अस्पतालमा तीन जनाको उपचार भइरहेको छ । मन्त्रालयले त्रिवि शिक्षण अस्पतालमा १८ जनाको उपचार भइरहेको र एक जनाको मृत्यु भइसकेको जनाएको छ ।

काठमाडौं उपत्यबाहिर गण्डकी मेडिकल कलेजमा एक जना, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई जना, विराट मेडिकल कलेजमा चार जना, दमक अस्पतालमा सात जनाको उपचार भइरहेको पनि स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।यसैगरी, धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई जनाको मृत्यु भएको छ ।

## जेनजीसँगको झडपमा दुई सयभन्दा बढी सुरक्षाकर्मी घाइते

**रासस**
काठमाडौं, २३ भाद्र

जेनजी प्रदर्शन एक्कासी उग्र बन्दै गएपछि नियन्त्रणमा लिने क्रममा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका करिब दुई सयभन्दा बढी सुरक्षाकर्मी घाइते भएका छन् ।

निषेधित क्षेत्रमा केन्द्रित प्रदर्शनलाई नियन्त्रण लिने र शान्ति सुरक्षा कायम गर्ने क्रममा नेपाल प्रहरीतर्फ १७८ र सशस्त्र प्रहरी बलतर्फ ३० जनाभन्दा बढी घाइते भएका छन् । नेपाल प्रहरीका घाइतेमध्ये ३८ जनाको उपचार भइरहेको केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक बिनोद घिमिरेले जानकारी दिनुभयो ।

नयाँ बनेश्वरस्थित सङ्घीय संसद् भवनभित्र प्रवेश गर्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मुस्ताङको कोरला नाका पूर्ण रूपमा सञ्चालन

**रासस**
मुस्ताङ, २३ भाद्र

उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको मुस्ताङको कोरला नाका पूर्ण सञ्चालनमा आएको छ ।

आर्थिक वर्ष २०८० कात्तिक २७ गते उपल्लो मुस्ताङका नागरिकलाई मात्रै बाह्रै महिना खुल्ला गरिएको यहाँको कोरला नाका आइतबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ । यहाँको सो नाकालाई व्यापारिक मार्गका रूपमा विस्तार गर्न भन्सार विभागले विभागमा कार्यरत भन्सार अधिकृत रमेश खड्कालाई मुस्ताङ भन्सार कार्यालयको प्रमुखको रूपमा सरुवा गरेको छ ।

यसैगरी यहाँको भन्सार कार्यालयका लागि रसुवागढी नाकामा कार्यरत दुई नायब सुब्बा र एक कम्प्युटर अपरेटर गरी तीन जना जनशक्ति खटाइएको कार्यालय प्रमुख खड्काले बताउनुभयो । यहाँ साबिक एक जना कम्प्युटर अपरेटर रहेको र कार्यालयको मुख्य काम गर्ने पाँच जनशक्ति भन्सार जाँचका लागि तयारी अवस्थामा रहेको भन्सार प्रमुख खड्काको भनाइ छ । कार्यालयमा विभागले खटाएका सबै कर्मचारी आइतबारदेखि हाजिर भइसकेको उहाँले जनाउनुभयो । कोरला नाकाबाट चिनियाँ सामान आयात गर्न विभागले मुस्ताङ भन्सारलाई सक्रिय बनाउन थालेको छ । गत असारमा रसुवागढी नाका र साउनको पहिलो साता तातोपानी नाकामा बाढीपहिरोले चिनियाँ सामान नेपाल ढुवानीमा अवरोध सिर्जना भएपछि भन्सार विभागले यहाँको नाकालाई गतिशील बनाउने योजना अघि बढाएको हो । रसुवागढी नाका र तातोपानी नाकाको सडक अवरुद्ध छ । दुवै नाका बन्द भएपछि दसैं र तिहारजस्ता महत्वपूर्ण चाडपर्वका लागि चाहिने चिनियाँ सामान आयातमा समस्या परेपछि आयातकर्ता व्यापारीहरूले अर्थ मन्त्रालय र भन्सार विभागमा सामान ल्याउने वातावरण बनाइदिन अनुरोधगरेकाथिए।सोहीआयातकर्ता व्यापारीहरूको अनुरोधलाई मध्यनजर गर्दै विभागले यहाँको मुस्ताङस्थित नेपाल-चीन कोरला नाकालाई औपचापरिक रूपमा व्यापारिक मार्गका रूपमा सञ्चालनमा ल्याएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख खड्काको भनाइ छ ।


**प्राथमिक उपचार**

उद्देश्यः
- जीवन बचाउनु,
- दुखाइ न्यूनिकरण गरी निको हुन सहयोग गर्नु.
- अचेत अवस्थालाई सुरक्षित बनाइ मनोबल बढाउनु,
- चोट वा घाउको अवस्था विग्रन नदिनु ।
- कस्तो अवस्थामा के गर्नेः
- सफा कपडाले रगत बग्नबाट रोक्ने,
- पोलेमा चिसो पानीले धुने र सफा चिसो कपडाले ढाक्ने,
- अचेत भएमा धासप्रश्वासमा निरन्तरता दिन प्रयास गर्ने,
- हड्डी भाँचिएमा नहल्लाइ अस्पताल लैजाने,

प्राथमिक उपचारका लागि लागि आवश्यक पर्नेः ब्याण्डेज, टेप, सर्जिकल ग्लोभ्स थर्मोमिटर, कैची तथा अन्य आधार भूत औषधिहरु घरमा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## बूढीगण्डकी आयोजना रोकिँदैन: अध्यक्ष दाहाल

**पोखरापत्र संवाददाता**
गोरखा, २३ भाद्र

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्यत् आयोजना निर्माणको काम नरोकिने बताउनुभएको छ ।

पुष्पलाल मध्यपहाडी लोकमार्ग जागरण अभियान अन्तरगत गोरखाको पालुङटार नगरपालिका-५, ठाँटी पोखरीमा सोमबार आयोजित जनसंवाद कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "स्रोत सुनिश्चित गरेर बुढीगण्डकी आयोजना निर्माणको प्रक्रिया अघि बढ्दै छ, हालसम्म झण्डै रु ५० अर्ब जति खर्च भइसकेको छ ।" आफू प्रधानमन्त्री रहेका बेला बुढीगण्डकी आयोजना निर्माणका लागि वालुवाटारमा पटकपटक बहस र छलफल गरेको स्मरण गर्नुहुँदै अध्यक्ष दाहालले उक्त आयोजना निर्माणले गोरखाको मात्र नभएर सिङ्गो राष्ट्रको अर्थतन्त्रमा प्रभाव पार्ने उल्लेख गर्नुभयो । अध्यक्ष दाहालले गोरखाको पालुङटार नगरपालिकाको च्याङ्लीमा कृषि औद्योगिक क्षेत्र निर्माण गर्न चीन सरकारसँग सैद्धान्तिक सहमति भएको बताउनुभयो । "चीनको एउटा टोलीले नेपाल आएर अध्ययनको काम समेत गरिसकेको छ," उहाँले भन्नुभयो, "पालुङटारमा नै कृषि औद्योगिक क्षेत्र निर्माण गर्नुपर्छ ।"

वर्तमान सरकारले जनअपेक्षा अनुरूप काम गर्न नसकेको अध्यक्ष दाहालको आरोप थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मंसिरको तेस्रो साता पोखरामा व्यापार मेला

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भाद्र

पोखरा उद्योग वाणिज्य संघले यही आउँदो मंसिर १७ देखि २१ गतेसम्म राष्ट्रिय औद्योगिक व्यापार मेलाको ३४ औं संस्करण आयोजना गर्ने भएको छ। संघको आइतबार बसेको कार्यसमिति बैठकले मेलाको मिति तय गरेको हो।

संघका अध्यक्ष गोकर्ण कार्कीका अनुसार पोखरा ९,प्रदर्शनी केन्द्रमा मेला आयोजना गरिने छ । संघले मेलालाई विशुद्ध स्वदेशी उत्पादन तथा सेवाहरूको बजार पहिचान, प्रवर्द्धन तथा प्रचार-प्रसार,पोखराको पर्यटन र व्यापार प्रवर्द्धन, उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापना, पोखरालगायत सम्पूर्ण राष्ट्रको औद्योगिक, कृषिजन्य उत्पादन, हस्तकलाका उत्पादन, सूचना प्रविधि, शिक्षा, स्वास्थ्य, पर्यटनलगायत कृषिजन्य उत्पादनहरुलाई प्रवर्द्धन तथा बजारीकरणमा सघाउ पुऱ्याउने उद्देश्यमा समर्पित गरिएको अध्यक्ष कार्कीको भनाइ छ।

परम्परागत मेला र जात्रालाई परिमार्जन गर्दै पोखरा उद्योग वाणिज्य संघले नेपालमै पहिलोपटक २०४२ सालमा मेलाको आयोजना गरेको थियो। त्यसलाई २०४९ सालमा राष्ट्रिय औद्योगिक व्यापार मेलाको नाम दिइयो भने २०५२ सालमा पोखरा महोत्सवको आयोजना भयो । त्यसयता संघले नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ अन्य संघ संस्थाहरुसँग समन्वय गर्दै हस्तकला मेला-२०५३, पुष्प प्रदर्शनी-२०५५, हस्तकला तथा पुष्प मेला-२०५६, पश्चिमाञ्चल औद्योगिक व्यापार मेला-२०५९, औद्योगिक व्यापार मेला-२०६१, राष्ट्रिय शैक्षिक मेला पोखरा- २०६२, महिला उद्यमी मेला २०६८, २०७० र २०७४,२०७६ तथा राष्ट्रिय औद्योगिक व्यापार मेला २०६३ देखि २०७६ आयोजना गऱ्यो ।

कोभिडले रोकिएको मेलालाई संघले २०७९ साल देखि पुनः निरन्तरता दिँदै आइरहेको छ । संघकी महासचिव शोभा गौतमका अनुसार ३४ औं संकरणको मेलामार्फत् उद्योग व्यवसाय क्षेत्रको समुचित विकासका साथै स्वदेशी उत्पादनहरुको निर्यात प्रवर्द्धन एवं आन्तरिक बजार सुदृढीकरण र आयात प्रतिस्थापन गरी समग्र गण्डकी प्रदेशको उद्योग व्यवसायको प्रवर्द्धन र उद्यमशिलता विकासको लक्ष्य पनि लिइएको छ । मेलालाई मनोरञ्जनात्मकभन्दा पनि उद्यमशिलता विकासको थलो बनाउनकै लागि यसपटक समयावधि घटाएर ५ दिनको बनाइएको उनको भनाइ छ।

# एभरेष्ट महिला भलिबल लिग: ललितपुरको लगातार तेस्रो जित

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भाद्र

पोखरामा जारी वात्सल्या एभरेष्ट महिला भलिबल लिग (इडब्लुभी) मा ललितपुर क्विन्सले लगातार तेस्रो जित दर्ता गरेको छ।

पोखरा रंगशालास्थित बहुउद्देशीय कभर्डहलमा सोमबार भएको खेलमा लुम्बिनी लाभाजलाई ३-० को सोझो सेटमा पराजित गर्दै ललितपुरले लगातार तेस्रो जित दर्ता गरेको हो । ललितपुरले पहिलो सेट २५-१३, दोस्रो सेट २५-२० र तेस्रो सेट २५-२१ ले आफ्नो पक्षमा पाऱ्यो । ललितपुरकी पट्टाथिप सान्त्रकुन प्लेयर अफ द म्याच बनिन्।



लगातार तेस्रो जितसँगै ललितपुर ९ अंकसहित फाइनल नजिक पुगेको छ। लगातार तेस्रो जित नै निकालेको कर्णाली यशविस पनि फाइनल नजिक पुगेको छ। ३ खेलबाट २ अंक जोडेको लुम्बिनी २ र एक अंक जोडेको पोखरा निन्जाज २ खेलअघि नै फाइनल होडबाट बाहिरिएका छन्। ३ अंक जोडेका मधेश युनाइटेड र काठमाडौं स्पाइकर्सको फाइनल खेल्ने गणितीय संभावना बाँकी छ। दुवै टोलीले दुईदुई खेल खेल्न बाँकी छ । लिगअन्तर्गत मंगलबार दुई खेल हुनेछन् । पहिलो खेल कर्णाली र मधेशबिच दिउँसो २ बजे सुरु हुनेछ । त्यसपछि ललितपुर र पोखराबिचको खेल हुनेछ।

# कोरलानाकाबाट चिनियाँ स्याउ आयात गर्न नपाइने

**रासस**
मुस्ताङ, २३ भाद्र

चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएको कोरलानाकाबाट चिनियाँ स्याउ ल्याउन नपाइने भएको छ।

आइतबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएको यहाँको कोरला नाकाबाट चिनियाँ स्याउ आयात गर्न नपाइने सहमति भएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख रमेश खड्काले जानकारी दिनुभयो।

सोमबार उपल्लो मुस्ताङको लोमान्थाङमा बसेको सरोकार भएकाहरूको बैठकले चिनियाँ स्याउ भित्र्याउन नपाइने प्रारम्भिक चरणको मौखिक सहमति गरेको उहाँले बताउनुभयो।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनर्वु गुरुङ, लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष लोप्साङ छोम्फेल विष्ट (राजु), वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष रिनजिन नामगेल गुरुङ, इलाका प्रशासन कार्यालय लोमान्थाङ, सशस्त्र प्रहरी बोर्डर आउटपोस्ट (बिओपी) र व्यापारीहरूको संयुक्त बैठकले यस्तो निर्णय गरेको अध्यक्ष खड्काले जानकारी दिनुभयो।

स्याउ आयात हुँदा स्थानीय स्याउ उत्पादक किसानलाई मर्का पर्ने भन्दै यस्तो सहमति भएको लोघेकर दामोदरकुण्ड गाउँपालिका अध्यक्ष विष्टले जानकारी दिनुभयो।

यसैगरी वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष गुरुङले हाल स्याउ आयातका विषयमा प्रारम्भिक छलफल गरेर मौखिक सहमति भएको चाँडै लिखित निर्णय गरिने बताउनुभयो।

यसअघि सामान्य रूपमा उपल्लो मुस्ताङका लागि मात्रै खुला भएको कोरलानाका आइतबार पूर्ण रूपमा सञ्चालनमा आएको छ । यो नाका विसं २०८० कात्तिक २७ गते उपल्लो मुस्ताङका नागरिकका लागि खुला गरिएको थियो। यसअघि स्थानीय व्यापारीले सानो परिमाणमा सामान आयात गर्ने गरेकामा अब भने भन्सार विभागको नियममा रहेर चाहेजति सामान नेपाल ल्याउने व्यवस्था मिलाइएको भन्सार कार्यालय प्रमुख खड्काले जानकारी दिनुभयो । भन्सार कार्यालयमा आवश्यक पूर्वाधार सबै तयारी अवस्थामा राखिएकाले मालवस्तु आयात निर्यातमा कुनै समस्या नपर्ने उहाँले बताउनुभयो।

# पोखरा र खेल बिषयमा चित्रकला प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भाद्र

पोखरामा पोखरा अन्तराष्ट्रिय म्याराथनको आयोजक संस्था नेपाल भूतपूर्व खेलाडि मञ्चको आयोजनामा पोखरा र खेल बिषयमा चित्रकला प्रतियोगिता आयोजना भएको छ।

सोमबार भएको प्रतियोगितामा पोखरामा रहेका १८ विद्यालयका ४२ जना विद्यार्थीको सहभागिता रहेको संस्थाका सचिव महेश पौडेलले बताए।

नेपाल भूतपूर्व खेलाडि मञ्चले आफ्नो स्थापनाको रजत बर्ष मनाउने कार्यक्रम अन्तर्गत १२ महिना १२ कार्यक्रमको तालिका अनुसार अन्तर विद्यालय चित्रकला प्रयोगिता आयोजना गरिएको हो । प्रतियोगितामा सृजना मा.बिका स्कुलका कृस बानियाले प्रथम स्थान प्राप्त गर्न सफल भए त्यस्तै कास्की मोडनाइज स्कुलकी युना आले दोस्रो, सोसल पब्लिक स्कुलका हुम बहादुर गुरुङले तेस्रो स्थान प्राप्त गर्दा हाडवर्ड एकेडेमिका तेजस सुनार र सूर्योदय स्कुलका रोमिका श्रेष्ठले सान्तोवना स्थान प्राप्त गरे । उनीहरुले क्रमस १० हजार, ७ हजार, ५ हजार, र २ हजार रुँपैया हात परे ।



प्रतियोगिताको निर्णायकमा बिम्ब कबि प्राज्ञ रमेश श्रेष्ठ, सञ्जय गुरुङ र संस्थाका पुर्व अध्यक्ष तेज बहादुर गुरुङ रहेका थिए । कार्यक्रममा बोल्दै प्राज्ञ रमेश श्रेष्ठले कलामा पनि खेलकुदका रङहरु भर्न मञ्चले आयोजना गरेको कार्यक्रम महत्वपूर्ण भएको भन्दै प्रशंसा गरे । उनले चित्रकला फरक खालको बिद्या भएको बताउदै मञ्चले बिद्यार्थीको लागि ठुलो अवसर प्रदान गरेको हुदा यसलाई निरन्तरता उनको आग्रह थियो । संस्थाका अध्यक्ष दिल बहादुर गुरुङले रजत महोत्सवमा आयोजना भएका कार्यक्रम, आगामि कार्यक्रम र मञ्चले गरेका गतिबिधिहरुको बारेमा जानकारी गराए । संस्थाका पूर्व अध्यक्ष एब्म मासिक दौडका संयोजक तेज बहादुर गुरुङले अन्तराष्ट्रिय जगतमा पनि ओलम्पिक कार्यक्रम लाई बिस्तार गर्ने सन्दर्भमा,खेलकुद सगँ संस्कृत, बाताबरण,कला जोडिएको जनाए । उनले कला क्षेत्रबाट पनि खेलकुदको संस्कृतिलाई प्रोत्साहन र जर्गेना गर्ने उद्देश्य अनुरुप प्रतियोगिता आयोजना गरिएको उल्लेख गरे। विजेतालाई निणर्यक प्राज्ञ कवि श्रेष्ठ मञ्चका संस्थापक अध्यक्ष खड्ग बहादुर रानाभाट, अध्यक्ष गुरुङ, मासिक दौडका संयोजक तेज बहादुर गुरुङ, मञ्चका निवर्तमान अध्यक्ष हरिप्रसाद पराजुली लगायतले नगद, मेडल र प्रमाणपत्र प्रदान गरेका थिए।

यस्तै संस्थाले गण्डकी प्रदेश खेलकुद परिषद्मा नवनियुक्त भएका सदस्यहरुलाई सोहि कार्यक्रम मार्फत सम्मान पनि गरेको थियो।

# गलकोटमा इलाका प्रशासन कार्यालय खोलिनेछ : प्रधानमन्त्री

**रासस**
काठमाडौं, २३ भाद्र

प्रधानमन्त्री केपी शर्मा ओलीले बागलुङको गलकोट नगरपालिकामा सर्वदलीय र सर्वपक्षीय मागबमोजिम इलाका प्रशासन कार्यालय खोलिने विश्वास दिलाउनुभएको छ।

प्रधानमन्त्री निवास, बालुवाटारमा सोमबार बागलुङको सर्वदलीय र सर्वपक्षीय प्रतिनिधिमण्डलको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री ओलीले यथाशक्य छिटो गलकोटमा इलाका प्रशासन कार्यालय सञ्चालनमा ल्याउन मन्त्रिपरिषद्मा प्रस्ताव लगिने प्रतिबद्धता व्यक्त गर्नुभएको हो। प्रतिनिधिमण्डलमा सङ्घीय सांसद एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी) केन्द्रका सचिव देवेन्द्र पौडेल, नेकपा (एमाले) का सङ्घीय सांसद देवीप्रकाश भट्टचन, जनमोर्चा नेपालका सङ्घीय सांसद तुलप्रसाद विश्वकर्मा, गण्डकी प्रदेशसभाका सदस्यहरू जितबहादुर शेरचन, द्रोण कुँवर, दिलमाया पौवी, संविधानसभामा सदस्यहरू मनकुमारी जिसी, निरज पुन, नेकपा (एमाले) का केन्द्रीय सदस्य मञ्जु शर्मा चालिसे, गलकोट नगरपालिकाका कार्यबाहक प्रमुख फमलाल निउरेलगायत हुनुहुन्थ्यो।






# जेनजीसँगको ...

खोजेका आन्दोलनकारी र प्रहरीबीच आज दिनभरजसो भडप भएको थियो। त्यसक्रममा प्रदर्शनकारीले संसद् भवन पर्खाल तोडफोड र भवनको दक्षिणतर्फको प्रहरी क्वार्टरमा आगजनी गरेका थिए। प्रदर्शनकारीले सोही ठाउँमा सशस्त्र प्रहरीको एम्बुलेन्समा आगो लगाएका थिए।

प्रदर्शनकारीले संसद् भवनलाई घेरा हाली प्रवेशका लागि पटकपटक प्रयास गरेका थिए । त्यसक्रममा दुई पक्षबीच भडप परिरहयो। हालसम्म प्राप्त विवरणअनुसार १९ जनाको मृत्यु र तीन सयभन्दा बढी घाइते भएका छन् । घाइतेहरूको निजमती अस्पताल, एभरेष्ट अस्पताल, ट्रमा सेन्टर, वीर अस्पतालमा उपचार भइरहेको छ । आन्दोलनको समाचार सङ्कलनमा खटिइएका चार जना पत्रकार पनि घाइते भएका छन्।

आन्दोलनकारीले प्रहार गरेको ढुङ्गा, ईँटा, सिसाका बोतल लागेर घाइते भएका सुरक्षाकर्मीलाई संसद् भवनभित्र रहेको स्वास्थ्योपचार केन्द्रमा उपचार गरिएको थियो । सुरक्षाकर्मीको टाउको, हात, मुखलगायत अङ्गमा चोट लागेको छ। सङ्घीय संसद् सचिवलयका चिकित्सक पुष्पराज रिजाललाई घाइते सुरक्षाकर्मीको प्राथमिक उपचार गर्न भ्याइनभ्याइ परेको थियो । प्राथमिक उपचारपछि गम्भीर घाइते सुरक्षाकर्मीलाई थप उपचारका लागि नेपाल प्रहरी अस्पताल 'रेफर' गरिएको थियो।

अहिले काठमाडौं उपत्यकासहित देशभरको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# प्रहरीले संयमता गुमाउँदा धेरैको ज्यान गयो

सामाजिक सञ्जाल प्रतिबन्धविरुद्धको प्रदर्शनमा २१ जनाको ज्यान गुम्दा देशमा त्रास र आक्रोशको लहर चलेको छ। उपत्यकाका विभिन्न अस्पतालहरूमा उपचारका क्रममा डेढ दर्जन बढी प्रदर्शनकारीको मृत्यु भएको छाभने ३०० घाइते भएका छन् । देशभर फैलिएको यो आन्दोलनको मूल कारण सरकारले सामाजिक सञ्जाललाई निष्क्रिय गर्ने निर्णयले नै निम्ताएको हो । हो सरकारको उक्त कदमले जनमानसमा गहिरो आक्रोश र चिन्ता सिर्जना गरेको छ । सामाजिक सञ्जाल केवल मनोरञ्जन वा व्यक्तिगत विचार व्यक्त गर्ने माध्यम मात्र होइन, यो जनताको पीडा, प्रश्न र मागलाई उजागर गर्ने एक शक्तिशाली सार्वजनिक मञ्च हो । आपतकालीन राहत, अन्याय र भ्रष्टाचार विरुद्ध आवाज उठाउने यसले गरेको भूमिका अतुलनीय छ ।

सरकारको "नियमन"को नाममा नियन्त्रण थोप्ने प्रयास गम्भीर गलत हो। हो, दुरुपयोग, घृणास्पद भाषण र झुटा सूचनाको नियन्त्रण सरकारको जिम्मेवारी हो तर यसको उपाय नियन्त्रण होइन । पारदर्शी नियमन र जिम्मेवार प्रयोगको प्रोत्साहन नै समाधान हो । लोकतन्त्रलाई बलियो बनाउन नागरिकलाई चुप राख्नु सकिँदैन। आलोचना सुन्ने, असहमति सहने र जवाफदेही बन्ने बाटोमै सरकार र समाज दुवै सशक्त हुन्छन्। सर्वोच्च अदालतको आदेशलाई आफ्नो स्वार्थअनुकूल व्याख्या गर्दै नागरिकको मौलिक हक सीमित गर्नु लोकतान्त्रिक अभ्यासको अपमान हो। संविधानले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रतालाई कुनै बहानामा बन्द गर्न सकिँदैन। समाधान संवाद र नियमनमा छ, नियन्त्रण र बन्दमा होइन ।

अहिलेको विकराल अवस्थालाई हेर्दा गृहमन्त्री रमेश लेखकको राजिनामाले मात्र आक्रोश मत्थर हुने अवस्था छैन । सञ्जाल प्रतिबन्धविरुद्धको आन्दोलनमा मानवीय क्षति भइरहेको अवस्थामा सरकारले छानबिन समिति बनाउने निर्णय गरेको छा१५ दिनको समय दिएको छानबिन समिति २१ जनाको ज्यान गएको र ४०० घाइते भएको गम्भीरतापूर्वक लिन सक्नुपर्छ। लोकतन्त्रको आधार नै स्वतन्त्र अभिव्यक्ति हो, जसलाई नियन्त्रण र दमनले खण्डन गर्न सकिँदैन। जेन-जीको आन्दोलनको पहिलो दिन यति धेरै युवाले प्राण उत्सर्ग गर्नुपरेको आजको घटनालाई कुनै पनि अवस्थामा बेवास्ता गर्न मिल्दैन । नवयुवा आन्दोलनमा आउँदा त्यसका लागि उपयुक्त सुरक्षा व्यवस्था गर्न नसक्ने सुरक्षा संयन्त्रका नेतृत्वकर्ता गृहमन्तीको कमजोरी मात्र होइन अयोग्य सावित भएका छन । देशको यस्तो दुर्दशाका लागि सम्पूर्ण ठूला राजनीतिक दलका नेता जिम्मेवार छन् । अहिलेको अवस्थामा देशको चरम दूरावस्थाको जिम्मेवारी प्रधानमन्त्री र काङ्ग्रेस सभापतिले लिनुपर्छ । प्रधानमन्त्री केपी शर्मा ओलीले स्थिति बिग्रन नदिई तत्काल जनता समक्ष आन्दोलनकारीका माग सम्बोधन गर्न तयार हुनुपर्छ । जनता जनार्दनसँग निष्कपट हृदयले भएको यथार्थ विवरण राखेर दुख व्यक्त गर्नु महानता हुन्छ ।

जेन-जीको यो आन्दोलन न कुनै राजनीतिक वादबाट प्रेरित थियो न कुनै राजनीतिक दलले हाँकेको थियो । नेपाली धनाढ्य र भ्रष्ट मन्त्री, राजनीतिक कार्यकर्ता र कर्मचारीहरूको सन्तानले गरेको अवैध सम्पत्तिको उग्र प्रदर्शनबाट आजित र जनताको धन चोरेर जनतालाई नै फुइँ देखाउनेहरूको विरोधबाट यो आन्दोलनले ऊर्जा बटुलेको थियो । आन्दोलन जसरी सुरु भए पनि यस आन्दोलनमा अपार जनसमर्थन जुट्यो । हिंसात्मक हुनुको मुख्य कारण भने प्रहरीले बलप्रयोग गर्दा संयम गुमाएर आत्तिनु नै हो । प्रहरीले रक्षात्मक रणनीतिमात्र अपनाएको भए सार्वजनिक र व्यक्तिगत सम्पत्तिको ठूलो क्षति हुन त सक्थ्यो तर यति धेरै ज्यान जाने थिएन । घुसपैठ भएको भनेर आयोजकले स्वीकारेका छन ।

त्यसैले यसको जिम्मेवारी आन्दोलन आयोजकहरूले पनि लिनुपर्छ र यसबाट पाठ सिक्नुपर्छ । संसद् भवनको पर्खाल भत्काउने काम नभएको भए र संसद् भवन क्षेत्रमा आगजनी नभएको भए यति धेरै धनजनको खती हुने थिएन । त्यसैले अबको आन्दोलनको मार्ग तय गर्दा जेन-जी आन्दोलनका नायकहरूले उत्तेजना फैलाउनेमात्र होइन समर्थकहरूलाई संयमित पनि राख्न सक्नुपर्छ । आन्दोलनमा जाँदा सबै पक्षको ख्याल गर्नुपर्ने शिक्षा लिनुपर्ने देखिन्छ । पढेर मात्र होइन परेर जानिन्छ भन्ने बुढा पाकाको भनाइ व्यवहारिक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आश्विन कृष्ण पक्ष: सोह्र श्राद्ध (पितृ पक्ष)

**रासस**
काठमाडौं, २३ भाद्र

प्रत्येक वर्ष आश्विन कृष्ण प्रतिपदादेखि सुरु हुने सोह्र श्राद्ध अर्थात् पितृ पक्ष सोमबारदेखि विधिवत् आरम्भ हुँदै छ ।

आरम्भका दिन सोमबार प्रतिपदा तिथि श्राद्ध गर्नुपर्ने नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति दिएका पात्रो (पञ्चाङ्ग)मा उल्लेख छ । प्रतिपदा तिथि श्राद्धको पिण्डदान अपराह्नसम्म गरिसक्नुपर्ने समितिका सदस्य एवं धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो । आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्मका सोह्रवटा तिथिमा दिवंगत पितृलाई सम्मानका साथ तर्पण, सिदादान र पिण्डदान गरिने भएकाले सोह्रश्राद्ध भनिएको हो । यो समयलाई अपर, प्रेत पक्ष आदि नामले पनि बुझिन्छ । चाडपर्व यज्ञयागादि तथा ठूलाकार्य गर्नु अघि पितृलाई श्रद्धा भक्तिका साथ सम्झिने वैदिक सनातन हिन्दू शास्त्रीय परम्पराअनुसार सोह्रश्राद्ध गर्ने गरिएको हो । यस समयमा पितृले आश गरी बसेका हुन्छन् भन्ने शास्त्रीय मान्यता छ । यसरी सोह्रश्राद्ध गर्नाले पितृप्रतिको आफ्नो दायित्वबोध पुरा हुनाका साथै पितृऋणबाट मुक्त भइन्छ भन्ने धार्मिक विश्वास छ । यो पक्षमा श्राद्ध नगर्दा अक्षम्य दोष लाग्छ भन्ने शास्त्रीय वचनका आधारमा श्राद्ध गर्ने गरिएको धर्मशास्त्रविद् प्रा तोयराज नेपाल बताउनुहून्छ । सोह्रश्राद्ध अपराह्न कालमा गर्नुपर्छ भन्ने शास्त्रीय वचन रहेको पनि उहाँले बताउनुभयो । जाताशौच, मृताशौच र पत्नी रजस्वला भएका अवस्थामा बाहेक सोह्र श्राद्ध छोड्नु नहुने धर्मशास्त्रविद् नेपाल बताउनुहुन्छ । कारणवश सोह्र श्राद्ध रोकिँदा शास्त्रमा अनेक विकल्प दिइएका छन् । सोह्र श्राद्ध कर्ताले आफ्ना पिताको तिथिमा गर्नुपर्ने विधान छ । आपत् धर्मअनुसार कुनै कारणवश अड्किएमा आश्विन कृष्ण औँसीदेखि आश्विन शुक्ल पञ्चमीसम्म गर्न हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद्को भनाइ छ ।

यो समयमा पनि कारणवश सोह्र श्राद्ध गर्न नसकिएमा कार्तिककृष्ण औँसी अर्थात् लक्ष्मीपूजाका दिन गर्न सकिन्छ । कार्तिककृष्ण औँसीमा पनि गर्न नसकिने भएमा वृश्चिक सङ्क्रान्ति अर्थात् मङ्सिरसम्म जुराएर गर्न सकिने धर्मसिन्धु नामक शास्त्रीय ग्रन्थमा उल्लेख छ । आश्विन शुक्ल पञ्चमीपछिका अष्टमी, द्वादशी र औँसी, भरणी नक्षत्र र व्यतिपात योग परेका दिन जुनसुकै तिथि परेपनि रोकिएको सोह्रश्राद्ध गर्न सकिने शास्त्रीय विकल्पसमेत निर्णयसिन्धु, धर्मसिन्धुलगायत धर्मशास्त्रका ग्रन्थमा दिइएको नेपाल संस्कृत विश्वविद्यालय वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुखसमेत रहनुभएका समिति सदस्य प्राडा भट्टराईले जानकारी दिनुभयो ।

त्यसपछि पनि सोह्रश्राद्ध गर्न नसकिएमा सक्नेले आफैँ नसक्नेले ब्राह्मणमार्फत् दैनिक १०८ मन्त्र जप गर्न सकिने शास्त्रीय विकल्प रहेको उहाँले सुनाउनुभयो । विधिपूर्वक यस्तो जप १० महिनासम्म गर्नुपर्छ । यो विधिबाट पनि पितृले तृप्ति प्राप्त गर्ने धार्मिक विश्वास छ ।

सोह्रश्राद्ध अपराह्नकाल पारेर पिताका तिथिका दिन गर्नुपर्नेमा कतिपय पुरोहितले आफू अनुकुल बिहानै श्राद्ध गर्नु भन्ने गरेको जानकारी आएकाले त्यो शास्त्रसम्मत नभएको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले बताउनुभयो । पितृ पक्षको समाप्तिसँगै दुर्गा पक्ष अर्थात् बडा दसैँ सुरु हुन्छ । बडादसैँ मनाउनुअघि पितृ तृप्तिका लागि सोह्र श्राद्ध गर्ने गरिएको धर्मशास्त्रीय मत छ । ठूला पर्व वा चाड मनाउनुअघि पितृतृप्तिको कर्म गर्ने वैदिक सनातनी परम्परा रही आएको छ ।

# भजनकिर्तनमा 'मेन्स रुम रिलोडेड'

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ भाद्र

गत शनिबार साँझ बागलुङका मठमन्दिर युवाका भजनले गुञ्जिए । त्यसो त यो पहिलो पटक होइन । केही सातादेखि यहाँका मठमन्दिरमा हराउँदै गएको भजन सुनिन थालेको हो । भजन संस्कृति जोगाउँदै युवाहरुले भजन गाउन थालेका हुन् ।

हिजोआज कहिले कालिका भगवती मन्दिर त कहिले गौरीधाम शिव मन्दिरमा जोसिला युवाहरु मादल, खैँजडी र मुजुराको तालमा भजन किर्तन गाइरहेका भेटिन्छन् । भजनमा नाच्नेहरु पनि जोसिला युवा नै हुन्छन् ।

उनीहरुले आफुहरुलाई चर्चित फेसबुक ग्रुप 'मेन्स रुम रिलोडेड' (एमआरआर) का सदस्य बताउँछन् । धर्म, संस्कृति र परम्पराको संरक्षण र प्रवर्द्धन गर्नु युवाहरुको कर्तव्य भएको उनीहरुको भनाइ छ । एमआरआरमा बागलुङका १० युवामात्र सदस्य भएपनि उनीहरुको भजन किर्तन समुहमा युवाको सङ्ख्या उल्लेख्य रुपमा जोडिँदै गएका छन् । विभिन्न पेसा व्यवसायमा आवद्ध युवाहरु प्रत्येक शनिबार साँझ ५ बजेदेखि ७ बजेसम्म जम्मा भएर बितेको पाँच सातादेखि भजन किर्तन गरिरहेको समुहका सदस्य रोशन पौडेलले जानकारी दिनुभयो । बागलुङको जैमिनी नगरपालिका-१ कुश्मिसेराका २६ वर्षीय रोशन पौडेलसँगै काठेखोला गाउँपालिका-८ का २७ वर्षीय कुशल कंडेल, सोही ठाउँका हिमाल कंडेल, बागलुङ नगरपालिका-१४ का ओमकार सुवेदी, काठेखोला गाउँपालिका-६ का अर्जुन कंडेलसँगै अन्य युवाहरुले शनिबार र चाडपर्वका अवसरमा मठमन्दिरमा भेला भएर भजन किर्तन गर्न थालेका हुन् । भजन समुहमा बैंक तथा वित्तिय संस्थामा काम गर्नेदेखि पेसा व्यवसाय गर्ने युवाहरु जोडिएका छन् । युवाका सरोकार, अप्ठ्यारोमाा परेकालाई सहयोग र रमाइला काम गर्दै आएका एमआरआरका सदस्यहरुले पछिल्लो समय भजन किर्तन सुरु गरेका हुन् । पछिल्लो २८ महिनादेखि पोखरामा एमआरआरका सदस्यहरुले भजन किर्तन गर्दै आएको पौडेलले बताउनुभयो । काठमाडौँ, बुटवल, चितवन र बागलुङमा पछिल्लो तीन महिनायता भजन किर्तन सुरु गरेको उहाँको भनाई छ ।

# म्याग्दीका क्याम्पसमा विद्यार्थी सङ्ख्या निरन्तर ओरालो

**रासस**
म्याग्दी, २३ भाद्र

जिल्ला सदरमुकाम बेनीमा रहेको एकमात्र म्याग्दी बहुमुखी क्याम्पसमा स्नातक र स्नाकोत्तर तह अध्ययन गर्ने विद्यार्थी सङ्ख्या पछिल्लो तीन वर्षयता निरन्तर ओरालो लागेको छ ।

सदरमुकाम बाहिर बाबियाचौरको मङ्गला शिक्षा क्याम्पसमा एक सय १२ र घारको मुक्तिमार्ग क्याम्पसमा विद्यार्थी सङ्ख्या ५५ जना छ । समुदायस्तरबाट सञ्चालित तीनवटै क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त हुन् । विद्यार्थी सङ्ख्या कम भएपछि न्यू वेष्ट पोइन्ट फाउन्डेसनले व्यवस्थापन सङ्कायमा सञ्चालन गर्दै आएको स्नातक तहको कक्षा दुई वर्षअघि बन्द गरेको थियो । पछिल्लो दुई दशकयताको न्यून जन्मदर, बढ्दो बसाइँसराइ र विद्यार्थीहरू रोजगारीसँगै अध्ययनको अवसर खोज्दै विदेश जाने क्रम बढेपछि निजी क्षेत्रले सञ्चालन गरेको क्याम्पस बन्द तथा समुदायको प्रयासमा सञ्चालन भएका क्याम्पसमा विद्यार्थी सङ्ख्या ओरालो लागेको हो । म्याग्दी बहुमुखी क्याम्पसका प्रमुख श्रीधर सुवेदीले स्नातक तहमा नयाँ भर्ना हुने दर घटेको र भर्ना भए पनि अन्तिम वर्षसम्म नटिक्ने विद्यार्थी बढेका बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा स्नातक तहको मानविकी, व्यवस्थापन र शिक्षा सङ्कायमा भर्ना हुने विद्यार्थीको सङ्ख्या आठ सय ८५ जना रहेकामा आव २०८०/८१ मा सात सय तीन र २०८१/८२ मा पाँच सय ५८ मा झरेको छ । स्नातक तहको कम्प्युटर विज्ञान विषयमा आव २०७९/८० मा २१, २०८०/८१ मा २८ र २०८१/८२ मा २३ जना विद्यार्थी भर्ना भएका छन् । म्याग्दी क्याम्पसको व्यवस्थापन र शिक्षा सङ्कायमा स्नाकोत्तर तह अध्ययनका लागि आव २०७९/८० मा ४५, २०८०/८१ मा ६० र २०८१/८२ मा ४६ जना विद्यार्थी भर्ना भएका छन् । क्याम्पसमा अध्ययनरत कुल छ सय २८ जनामध्ये ६४ दशमलव ९७ प्रतिशत छात्रा छन् । विद्यार्थी सङ्ख्या कम भए पनि क्याम्पसको उत्तीर्णदर बढेको प्रमुख सुवेदीले बताउनुभयो । स्नातक तहमा २०७८ सालमा २८ दशमलव ६८, २०७९ मा ३५ दशमलव २२ र २०८० को उत्तीर्णदर ३७ दशमलव २२ छ । विसं २०८१ को नतिजा सार्वजनिक हुन बाँकी छ । स्नाकोत्तर तहमा सन् २०२३ को परीक्षामा सहभागी एक सय आठ विद्यार्थीले सबै विषय उत्तीर्ण गरेका क्याम्पस प्रमुख सुवेदीले बताउनुभयो । "विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर प्रत्यायण सुनिश्चितता (क्युएए) पाएको क्याम्पसमा उत्तीर्णदर बढे पनि विद्यार्थी सङ्ख्या बढाउन र टिकाउन चुनौती भएको छ", उहाँले भन्नुभयो, "विद्यार्थीको सङ्ख्यासँगै शुल्कबाट हुने आम्दानी घट्दा क्याम्पस सञ्चालनका लागि स्रोत जुटाउन समस्या भएको छ ।" म्याग्दी क्याम्पसका पूर्वप्रमुखसमेत रहनुभएका समाजशास्त्र विषयका प्राध्यापक गोरखबहादुर जिसीका अनुसार त्रिभुवन विश्वविद्यालयका आङ्गिक र सम्बन्धनप्राप्त गरेका एक हजार ५०० मध्ये एक सयभन्दा कम विद्यार्थी रहेका क्याम्पसको सङ्ख्या चार सय छ । "पाँच सयदेखि माथि विद्यार्थी सङ्ख्या हुने सामुदायिक क्याम्पस एक सय पनि छैनन, करिब एक हजार जनाको हाराहारीमा विद्यार्थी हुने ४०-४५ वटा क्याम्पसमध्ये म्याग्दी क्याम्पस पनि एक हो", उहाँले भन्नुभयो, "विसं २०७८ सम्म एक हजार ४०० को हाराहारीमा विद्यार्थी सङ्ख्या भएको क्याम्पसमा विद्यार्थी घट्नुको प्रमुख कारण वैदेशिक रोजगारी नै हो ।"

व्यवस्थापन सङ्कायका ३५ विद्यार्थीले एकै वर्षमा जापान अध्ययन गर्न जानका लागि सिफारिसपत्र बनाएका उहाँले बताउनुभयो । दश जोड दुई अध्ययन सकेपछि विद्यार्थी रोजगारीसँगै आम्दानी गर्ने अवसर खोज्दै ठूला सहरका क्याम्पसमा भर्ना भएर तयारी गर्ने र उच्च शिक्षा पूरा नहुँदै जापान, अष्ट्रेलियाजस्ता देशमा जाने गरेका प्राध्यापक जिसीले बताउनुभयो । ग्रामीण क्षेत्रका क्याम्पसमा अध्ययन गर्नेमा विपन्न समुदायका, छोरीबुहारी र जागिरेहरूको सङ्ख्या बाहुल्यता छ । म्याग्दी बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष दीपेन्द्रकुमार श्रेष्ठले छात्रावास, छात्रावृत्तिको सुविधा, उद्यमशीलता प्रवर्द्धन कार्यक्रम, लोकसेवा तयारी कक्षा, प्राविधिकतर्फ कम्प्युटर, विज्ञान विषयको कक्षा सञ्चालन गरेको बताउनुभयो । "राज्यले नै उच्च शिक्षा अध्ययनसँगै रोजगारीको अवसर पाउने वातावरण नबनाए सामुदायिक क्याम्पसहरूमा विद्यार्थीको अभाव कायम रहन्छ", उहाँले भन्नुभयो, "उच्च शिक्षाका लागि अन्य सहरमा जाने विद्यार्थीलाई जिल्लाकै क्याम्पसमा टिकाउन समुदाय केन्द्रित र स्थानीय तहसँग समन्वय गरेर अनुसन्धानमूलक परियोजनाको योजना बनाएका छौँ ।"

# बागलुङमा खायन आलुखेतीको क्षेत्र विस्तार

**पोखरापत्र संवाददाता**
बागलुङ, २३ भाद्र

यहाँका कृषकलाई आलु खेतीतर्फ आकर्षित गर्न 'खायन आलु' उत्पादन क्षेत्र विस्तार गरिएको छ । कृषि ज्ञान केन्द्र बागलुङले तीन वर्षदेखि निरन्तर खायन आलु उत्पादनका लागि जिल्लाको १० वटै स्थानीय तहमा क्षेत्र विस्तार गरेको हो ।

यहाँका निसीखोला, तमानखोला, ताराखोला गाउँपालिका, ढोरपाटन, गलकोट, जैमिनी नगरपालिकाको माथिल्लो क्षेत्रमा अन्य ठाउँमा भन्दा बढी आलु उत्पादन हुने गर्छ । थोरै लगानीमा धेरै आलु उत्पादन गर्न सकिने हुँदा 'खायन आलु'को क्षेत्र विस्तार गर्दै आएको कृषि ज्ञान केन्द्र प्रमुख राजेश्वर सिलवालले जानकारी दिनुभयो । आर्थिक वर्ष २०८०/०८१ देखि खायन आलुखेतीको क्षेत्र विस्तार गर्न थालिएको प्रमुख सिलवालको भनाइ छ । उहाँका अनुसार २०८०/०८१ मा रु दुई करोड ६० लाख, २०८१/०८२ मा रु एक करोड ५९ लाख र चालु आर्थिक वर्षमा रु ५५ लाख ९० हजार रकम आलुखेती क्षेत्र विस्तारमा खर्च गरिएको छ । खायन आउलु क्षेत्र विस्तारसँगै नयाँ प्रविधिको प्रयोग, मलखाद व्यवस्थापन गर्ने, सिँचाइ व्यवस्थापन गरी उन्नत जातको बिउ लगाइने प्रमुख सिलवालले बताउनुभयो । यस वर्ष थप ४३ हेक्टर क्षेत्रफलमा खायन आलु विस्तार गर्ने लक्ष्य छ । प्रमुख सिलवालले भन्नुभयो, "बागलुङ जिल्लामा खायन आलु राम्रो उत्पादन हुने गरेको छ, किसान पनि उत्साहित छन्, आलु उत्पादन गरेर जीविकोपार्जन गर्न यस कार्यक्रमले टेवा पुऱ्याउँछ ।" हाल जिल्लामा तीन हजार ७०० हेक्टरमा आलु खेती हुँदै आएको छ । अघिल्लो वर्ष ५६ हजार २४० मेट्रिकटन आलु उत्पादन भएको थियो । यस वर्ष किसानले आलु भित्राइसकेका छैनन् । बागलुङका किसानले उत्पादन गर्ने आलु बागलुङ, पोखरा, बुटवल, चितवनलगायतका शहरमा पुग्ने गरेका छन् । खायन आलुमा सिँचाइ र मलको व्यवस्थापन हुने हुँदा उत्पादन बढ्ने ढोरपाटन नगरपालिका-५ का किसान कृष्णलाल कँडेलले बताउनुभयो । यो आलु खेती गर्न थालेपछि वर्षेनी आलु उत्पादनमा वृद्धि भएको उहाँको भनाइ छ । कृषि ज्ञान केन्द्र बागलुङले यस वर्ष रु ३७ लाख लगानीमा खाद्यन्न बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ । कृषि सहकारी तथा समूहमार्फत खाद्यन्न बाली प्रवर्द्धन गर्न थालेको हो । कम्तीमा एक समूहले एउटा बाली १०० रोपनीमा खेती गर्नुपर्ने ज्ञान केन्द्रले जनाएको छ ।

# चुम उपत्यका तीन दिनदेखि विद्युत् र सञ्चार सेवाविहीन

**पोखरापत्र संवाददाता**
गोरखा, २३ भाद्र

जिल्लाको चुम उपत्यका विगत तीन दिनदेखि विद्युत् र सञ्चार सम्पर्कविहीन भएको छ ।

चुमनुब्री गाउँपालिका-७ मा रहेका छेकम, पारो, जोङ, ङाक्यू, लेरु, लामागाउँ, बुर्जी र छुलेगाउँका करिब तीन सय परिवारका आठ सयभन्दा बढी नागरिक तीन दिनदेखि विद्युत् तथा सञ्चार सम्पर्कविहीन भएको स्थानीय दोर्जे लामाले जानकारी दिनुभयो ।

गत आइतबार बिहानदेखि गाउँमा विद्युत्, टेलिफोन र इन्टरनेट सेवा बन्द भएको उहाँले बताउनुभयो । "कादुरी संस्थाले बनाएको लघुजलविद्युत् आयोजनाको पावरहाउस बिग्रिएर आइतबार बिहानदेखि विद्युत् उत्पादन बन्द भएको छ", लामाले भन्नुभयो, "तीन दिनदेखि वडा नं ७ का लार, पाङ्दुन र निलेबाहेक सबै ठाउँ बस्तीमा बत्ती छैन ।" सोही पावरहाउसबाट लगेको विद्युत्को लाइनले मोबाइलको टावर चलेको भन्दै उहाँले विद्युत् नभएपछि टेलिफोन र इन्टेरको टावर पनि नचलेको लामाले बताउनुभयो ।

विद्युत्का प्राविधिकसँग बुझ्दा मेसिनमा खराबी आएकाले समस्या भएका बताएको उहाँले सुनाउनुभयो । गाउँमा विद्युत् सेवा नहुँदा कुटानीपिसानी मिल, काष्ठ मिल र घरायसी विद्युतीय उपकरण चलाउन पाइएको छैन ।

# ओखरबोटमा पुन : तामाखानी सञ्चालन गर्न अन्वेषण थालियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ भाद्र



म्याग्दीको मालिका गाउँपालिकामा बन्द अवस्थामा रहेको ओखरबोट तामाखानी पुनःसञ्चालनका लागि अन्वेषण सुरु भएको छ।तामाखानी अन्वेषण गर्न खानी तथा भूगर्भ विभागबाट अनुमति प्राप्त एमस दोब्यी मिनरल्स प्रालिका भूगर्भविद् सम्मिलित टोलीले स्थलगत अध्ययन थालेका हुन्। मालिका गाउँपालिका- वडा नं ३ र ४ को सिमानामा ओखरबोट तामाखानी रहेको बताइएको छ।

तामाखानीको खोजतलास तथा उत्खननका लागि पहिलो चरणमा खानीमा तामाको मात्रा पहिचान र उत्खननका क्रममा हुनसक्ने वातावरणीय प्रभाव तथा त्यसको असर न्यूनीकरणका उपायका विषयमा अध्ययन थालिएको भूगर्वविद् रोनित पौडेलले जानकारी दिनुभयो । "प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पारित भएपछि खानीमा तामाको खोज र अनुसन्धान हुनेछ," उहाँले भन्नुभयो "खानीको खोजतलास र सम्भाव्यता अध्ययन गरेपछि अर्को चरणमा उत्खननको प्रक्रिया अघि बढ्छ।"ओखरबोटको खानीबाट विसं २०२८ सम्म स्थानीय प्रविधिको प्रयोग गरेर तामा निकाल्ने गरिन्थ्यो । प्रविधिको अभाव र आम्दानी भन्दाबढी राज्यलाई कर तिर्नुपर्ने अवस्था आएपछि त्यसबेला तामाखानी बन्द भएको मालिका गाउँपालिका-३ का ७२ वर्षीय विसराम पटेलले बताउनुभयो।

यस तामाखानीमा दैनिक दुई सय भन्दा बढी कामदारले काम गर्नुका साथै प्रत्येक दिन सात/आठ धार्नीसम्म तामा निकाल्ने गरिएको पटेलले जानकारी दिनुभयो । तामाखानीमा दुईवटा मुहान रहेका छन्। ती मुहानको लम्बाइ दुई सय ५० देखि पाँच सय मिटरसम्म रहेको छ । त्यहाँ अभैसम्म पनि तामाका धाउ देख्न सकिन्छ । दुई सय मिटरभित्रसम्म जान सकिने तामाखानीको सुरुङ छन् । वातावरणीय प्रभाव मूल्याङ्कनका लागि कम्पनीले सार्वजनिक सुनुवाइका साथै लिखित रुपमा प्रभावित क्षेत्रका बासिन्दाबाट सुझाव सङ्कलन गरिसकेको मालिका-३ का वडाध्यक्ष मोतिप्रसाद बुढाले बताउनुभयो । खानी उत्खननका लागि अध्ययन थालिएकोमा खुसी भएका प्रभावित क्षेत्र ओखरबोट र खटेनका बासिन्दाले वातावरणीय र विपद्जन्य घटना हुन नदिन सतर्कता अपनाउन तथा रोजगारीमा प्रभावितलाई प्राथमिकता दिन माग गरिएको स्थानीय दीपक पटेलले बताउनुभयो । "खानी उत्खनन भयो भने पुस्तौँअघिदेखि बसोबास गर्दै आएको थातथलो छोड्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो "उत्खनन अघि बस्ती स्थानान्तरण र रोजगारीको अवसरमाप्रभावितलाईप्राथमिकता दिनुपर्छ ।" स्थानीय खनेलहरुले रैथाने प्रविधिबाट उत्खनन गरिएको मालिका गाउँपालिका-४ (साविक ओखरडोट-८) खटेनडाँडास्थित तामाखानी मुख्य हो । धवलागिरि गाउँपालिका-१ गुर्जा, ५ मल्कवाङ, ७ मच्छिम, रघुगङ्गा गाउँपालिका-६ ठाडाखानी, ८ चौरसहित २१ ठाउँमा तामाखानी छन्। खानीहरु सञ्चालन हुन नसक्दा खानी उत्खननमा पोख्त स्थानीय 'खनेल'हरुको सीप पुस्तान्तरण हुनसकेको छैन । म्याग्दीमा बसोबास गर्ने अल्पसङ्ख्यक छन्त्याल जातीको परम्परागत पेसा खानी खन्ने थियो।

# पातपतिङ्गरबाट जैविक मल उत्पादन

**पोखरापत्र संवाददाता**
गण्डकी, २३ भाद्र



प्राकृतिक स्रोतको उचित उपयोग गर्ने हो भने स्वदेशमै अवसर सृजना गर्न सकिन्छ भन्ने यहाँको एक सामुदायिक वन समूहले उदाहरण दिएको छ। पोखरा महानगरपालिका-१८ सराङकोटस्थित ठोट्नेखोला सामुदायिक वन समूहले जङ्गलमा थुप्रिएका घाँस, पातपतिङ्गर र झाडी प्रयोगबाट जैविक मल उत्पादन गरेर यतिखेर सबैका लागि अनुकरणीय बनेको हो। जलवायु परिवर्तनलाई स्थानीय अनुकूलन र वन वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै प्राकृतिक स्रोतलाई हरित रोजगार सृजना गरी आयआर्जन गर्ने लक्ष्यका साथ सुरु गरिएको उक्त उद्यमबाट यस वर्ष ३५ हजारभन्दा बढी किलो मल उत्पादन गरी बिक्रीका लागि बजारमा पठाउने तयारी भइरहेको समूहका अध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिनुभयो।

कौशीखेतीका लागि दुई र पाँच अन्य कृषि प्रयोजनमा २५ केजीको प्याकेजिङ गरिएको बताउँदै उहाँले भन्नुभयो, "सुरुको अवस्थामा वन पैदावारको मल प्रतिकेजी रु २५ र गङ्यौले मलको रु ४० दर कायम गरिएको छ। मल उद्यमबाटै बिक्री पनि गरिँदै आएको छ।"

'एक वन एक उत्पादन' कार्यक्रमअन्तर्गत गत फागुनदेखि सुरु गरिएको जैविक मल उद्यम सञ्चालनमा हालसम्म १० लाखभन्दा बढी लगानी भइसकेको बताउँदै उहाँले वन पैदावार सङ्कलनमा मात्र रु तीन लाख ९० हजार लगानी भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सामुदायिक वन क्षेत्रको अँधेरीकुनामा सङ्कलन केन्द्र स्थापना गरिएको लगभग ३० लाख केजी वन पैदावार सङ्कलन गर्दा सात हजारभन्दा बढीले रोजगारी प्राप्त गरेका थिए । हरियो पातपतिङ्गरको प्रतिकेजी रु तीन र सुकेको प्रतिकेजी रु पाँचका दरले वन समूहले खरिद गरेको हो। जैविक मल प्रयोगले माटोको उर्वराशक्ति बढाउनुका साथै स्वस्थकर अर्गानिक उत्पादनमा जोड पुग्नेछ।" वनजङ्गलबाट सङ्कलन गरिएको स्याउला तथा घाँसपात जम्मा गरेपछि आधुनिक मेसिनद्वारा कटिङ गरी सानो साइजको बनाएसँगै जैविक मल उत्पादन गर्न ९० दिन लाग्ने बताउँदै उत्पादन प्रक्रिया पूर्ण रूपमा व्यवस्थित र वातावरणमैत्री रहने विश्वास अध्यक्ष श्रेष्ठको छ। गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल गुणस्तर परीक्षण प्रयोगशालाको रिपोर्टअनुसार आवश्यक मापदण्ड पूर्ण भएको प्रमाणित गरेको छ। उत्पादित मलमा चिस्यान आठ दशमलव एक, पिएच ६.२, नाइट्रोजन १.३, फस्फोरस ०.५, पोटासियम ३.०३ र कार्बन २५.३४ प्रतिशत रहेको प्रयोगशालाको रिपोर्टमा उल्लेख रहेको समूहका सदस्य एवं कृषि प्राविधिक प्रशान्त श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार कास्की डिभिजन वन कार्यालयद्वारा विभिन्न आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि रु चार लाख ५० हजार विनियोजन भएको छभने गण्डकी जलाधार जलवायु उत्थानशील कार्यालय कृषि पाठशाला सञ्चालनका लागि रु तीन लाख ५० प्राप्त भएको थियो। अँधेरीकुनाको ग्रिन प्लास्टिक टनेलमा गड्यौले मल उत्पादन भइरहेको छ। जसका लागि (लिवर्ड) ले २५ हजार गड्यौलासहित आवश्यक भौतिक संरचना निर्माणका लागि ब्लक, सिमेन्ट र प्याकेजिङ र सिलाउने मेसिनलगायत सामाग्री उपलब्ध गराएको उहाँको भनाइ छ । कास्की डिभिजन वन कार्यालयबाट गत वर्ष जिल्लामा तृतीय भई पुरस्कृतसमेत भएको ८६ दशमलव ७५ हेक्टरमा फैलिएको उक्त वन समूहमा हाल एक सय ९२ घरपरिवार उपभोक्ता रहेका छन्। समूहका उपभोक्तालाई परिचालन गरेर अहिले मल चाल्ने काम भइरहेको छ । समूहकी सदस्य विष्णु कुमालका अनुसार दिनभरि काम गर्नेले रु एक हजार ५०० सम्म र फुर्सदको समयमा आउने गृहणीले पनि कम्तीमा रु पाँच सय आम्दानी गरेका थिए। समूहले नवलपुर जिल्लाको विनय त्रिवेणी गाउँपालिकास्थित विनयी सामुदायिक वन समूहले उत्पादन गरेको जैविक मल उद्यमको स्थलगत अध्ययनपश्चात मल उत्पादन कार्यलाई अघि बढाएको हो। जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले सो मल उद्यमको स्थलगत अध्ययन गर्दै रोजगार सृजना एवं वन क्षेत्रमा थुप्रिएको ज्वलनशील पदार्थका कारण डढेलोको प्रकोप न्यूनीकरणमा समेत उद्यम कोशेढुङ्गा साबित हुने विश्वास व्यक्त गर्नुभयो । रासायनिक मलको आयातलाई कम गर्नुका साथै प्राकृतिक स्रोतलाई स्थानीय रोजगारी सृजना गर्दै आयआर्जनमा टेवा पुग्ने उद्यमलाई तीनै तहका सरकारले सहयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले यस्ता कामको अन्य सामुदायिक वन समूहले पनि अनुशरण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

प्राकृतिक स्रोतलाई भरपुर उपयोग गरी मुलुक र जनताको समृद्धिसँग जोड्नुपर्नेमा उहाँको जोड थियो । गण्डकी प्रदेश नवलपुर जिल्लास्थित विनयत्रिवेणी गाउँपालिकाको विनयी सामुदायिक वन समूहले विगतदेखि नै जैविक मल उत्पादन गर्दै आएको छ। पछिल्लो समय गाउँपालिकाले अपनत्व लिएको सो उद्योगमा हाल ८० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। वन समूहको अधिकारका लागि पैरवी गर्दै आएको छाता सङ्गठन सामुदायिक वन उपभोक्ता महासङ्घ नेपालले विभिन्न दातृराष्ट्रको सहयोगमा सञ्चालित परियोजनाहरू यस्ता उद्यमसँग जोडिनुपर्ने अपरिहार्य रहेको सम्बन्धित विज्ञहरूको धारणा रहेको छ।

# त्रिविको स्नातक तह दोस्रो वर्षका परीक्षा स्थगित

**रासस**
काठमाडौं, २३ भाद्र

त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले परीक्षा स्थगित गरेको छ।

त्रिवि परीक्षा नियन्त्रण कार्यालयकाअनुसार यही भदौ २४, २५ र २६ गते (बिहान ७ देखि १० बजेसम्म र १२ बजेदेखि ३ बजेसम्म) हुने भनिएको स्नातक तह दोस्रो वर्ष (आंशिक तथा मौका) को परीक्षा स्थगित गरिएको हो। निमित्त परीक्षा नियन्त्रक डा सूर्यकान्त कलौनीले सोमबार सूचना जारी गर्दै त्रिवि केन्द्रीय परीक्षा सञ्चालन समितिको आज बसेको बैठकले देशमा उत्पन्न असहज परिस्थितिका कारण देशभरिका सबै परीक्षा केन्द्रका परीक्षा स्थगित गर्नुपरेको बताउनुभयो । स्थगित भएका परीक्षा क्रमशः असोज २, ४ र ५ गते सोही समय र परीक्षा केन्द्रमा हुने उहाँले जानकारी दिनुभयो।

# संगम सहकारीको १८औं वार्षिक साधारण सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ भाद्र



राम बजारमा प्रधान कार्यालय र न्यूरोडमा सेवा केन्द्र मार्फत सेवा दिइरहेको संगम बचत तथा ऋण सहकारी संस्था लिमिटेडले १८औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

उद्घाटन र बन्द सत्रमा बिभाजन नगरी एकै सत्रमा कार्यक्रम गरेर सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान र सम्मान गर्दै विभिन्न प्रतिवेदनहरु पास गरेर केहि फरक र छिटोछरितो तरिकाले आयोजना गरिएको साधारण सभालाई सदस्यहरुले पनि मन पराएका छन्। सभाको उद्घाटन गर्दै जेष्ठ शेयर सदस्य दिर्घ थापाले सहकारीको अझै उन्नति प्रगति हुँदै अगाडी बढोस् भनी सबैलाई शुभ आशीर्वचन प्रदान गरिन्। अध्यक्ष नब राज तिवारीले संस्थालाई मुनाफा केन्द्रित भन्दा पनि शेयर सदस्यहरु तथा आम नागरिक बिच विश्वासयोग्य, प्रविधिमैत्री, छिटोछरितो सर्वसुलभ र गुणस्तरीय सेवा प्रदायक साकोसको रूपमा बिकास गर्न चाहेको र त्यसै अनुरूप अगाडि बढिरहेको बताए। लेखा संयोजक भोबिन्द्र गिरीले ऋण लगानी तर्फ सामान्य गिरावट आए पनि बचत संकलन, कुल कारोबार र मुनाफामा भएको वृद्धिले खुसी लागेको बताए । सल्लाहकार संयोजक निरज थापाले यस्तो विषम परिस्थितिमा पनि गण्डकी प्रदेशकै उत्कृष्ट भएकोमा सबैलाई बधाई दिदै २५००० मात्रै शेयर हाल्ने सदस्यले पनि यस वर्ष ३६००० रुपैयाँ बोनस पाउन सफल भएको तर्फ हामी सबैको ध्यान जान जरुरी भएको बताए । शेयर सदस्य कुमारी गुरुङले संगम सहकारीद्वारा महिलाहरुलाई लक्षित गरि आयोजना गरिएका स्वास्थ्य शिविर र क्षमता अभिवृद्धिका कार्यक्रमहरु निकै लाभदायक भएको जनाउदै अब हुने त्यस्ता कार्यक्रममा दिदिबहिनीहरुको उल्लेख्य सहभागिताको लागि समेत अनुरोध गरिन्।

कालिका बहुमुखी क्याम्पस, पोखरा १४ मा क्रमशः कक्षा ११ र १२ मा अध्ययनरत बागलुङ, निसिखोला ७ का हिमाल बि. क. र पोखरा १९ का रचना सुनारलाई जनही रु. ७०००/- नगद र प्रशंसा पत्र सहितको संगम सिद्धान्त कुँवर स्मृति छात्रवृत्ति प्रदान गरियो । यस्तै आयुषा पन्थी र सुहानी गुरुङले शेयर सदस्य वा तिनका सन्ततिमध्ये बाट कक्षा १२ मा उत्कृष्ट अंक ल्याइ संगम योग के. सी.स्मृति पुरस्कार स्वरुप जनही नगद रु. ५०००/- र प्रशंसा पत्र प्राप्त गर्न सफल भए। यसैगरी संस्थाकै कर्मचारी एवं सेवा केन्द्र प्रमुख लिला कुमारी पौडेल कार्कीलाई नगद रु. १० हजार र सम्मान पत्र सहित दीर्घ सेवा सम्मान प्रदान गरियो । ६६ करोड ३७ लाख वासलात रहेको संस्थामा ४७ करोड ६३ लाख बचत संकलन , ४५ करोड ९० लाख लगानी रहेको छ भने कूल सम्पत्तिको तुलनामा ११.८३% बराबरको सात करोड ८५ लाख कूल संस्थागत पूँजी रहेको छ। सचिव धनराज पुरी, कोषाध्यक्ष भरत बहादुर थापा, लेखा संयोजक भोबिन्द्र गिरीले पेश गरेको प्रतिवेदन सर्वसम्मतले पास गरेको कार्यक्रममा मादी वडा नम्बर चारका अध्यक्ष एवं शेयर सदस्य शिव प्रसाद सापकोटा, उपाध्यक्ष बुद्धिमान थापा, अक्षयकोषदाताहरु डाक्टर नम्रता केसी थापा र सन्ध्या कुँवर, कार्यालय प्रमुख बृहस्पति अधिकारी, सेवा केन्द्र प्रमुख लिला कुमारी पौडेल कार्की लगायतले मन्तव्य राखेका थिए।

# प्रकोप पीडित किसानलाई राहत

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ भाद्र

म्याग्दीमा विपद्का कारण क्षति ब्यहोरेका किसानलाई राहत उपलब्ध गराउन बजेट प्राप्त भएको छ।

गण्डकी प्रदेश सरकारले प्राकृतिक प्रकोपका कारण क्षति भएका पशुपंक्षी, खाद्यान्न, फलफूल, तरकारी बालीको राहत उपलब्ध गराउन म्याग्दीमा आर्थिक वर्ष २०८२/८३ का लागि रु १८ लाख बजेट बिनियोजन गरेको हो। यसअघि बजेट नहुँदा असिना, बाढी पहिरो, चट्याङका कारण क्षति ब्यहोरेका किसानले सरकारबाट सुविधा पाउन सकेका थिएनन्। प्राकृतिक प्रकोप पीडित किसानलाई राहत उपलब्ध गराउन पहिलो पटक बजेट प्राप्त भएको कृषि ज्ञान केन्द्र म्याग्दीका प्रमुख सञ्जिव बास्तोलाले बताउनुभयो। "यसअघि क्षतिको विवरण सङ्कलन गरेर राहतका लागि मन्त्रालयमा सिफारिस गर्ने गरिएको थियो," उहाँले भन्नुभयो, "जिल्लामै बजेट आएपछि किसानलाई छिटो राहत उपलब्ध गराउन सकिने भएको छ।" कृषि ज्ञान केन्द्रलाई आकस्मिक सेवाटेवा तथा राहत कार्यक्रम शीर्षकमा रु आठ लाख र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पशुपंक्षी तथा मत्स्य व्यवसायमा राहत तथा पुनःस्थापना सहयोग कार्यक्रमका लागि रु १० लाख बजेट प्राप्त भएको हो। यसैगरी चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोर सडकले छोएको म्याग्दीका स्थानीय तहमा लोकमार्ग/कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन हुने भएको छ । यस कार्यक्रमका लागि कृषि र पशुतर्फ रु २०/२० लाख बजेट प्राप्त भएको छ। रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका र बेनी नगरपालिकामा व्यावसायिक तरकारी खेती, गाईभैंसी, कुखुरा, बाख्रा, बङ्गुरपालन विस्तार गरी राजमार्गका होटल तथा रेष्टुराँमा आवश्यक कृषि उपज स्थानीयस्तरमै उत्पादन गर्ने कार्यक्रमको उद्देश्य रहेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख गोपाल गिरीले बताउनुभयो । ग्रामीण कृषि पर्यटन प्रवर्द्धन कार्यक्रमका लागि रु पाँच लाख र कृषि उद्यम विकास कार्यक्रमलाई रु २५ लाख बजेट प्राप्त भएको छ। कृषि उद्यम कार्यक्रममार्फत कृषि उपजको ग्रेडिङ, लेवलिङ, प्याकेजीङ तथा प्रशोधनसम्बन्धी र कृषि पर्यटन कार्यक्रममार्फत होमस्टे, फार्मस्टेलाई सहयोग गरिने कृषि ज्ञान केन्द्रले जनाएको छ।

# एक दिने अभिमूखिकरण गोष्ठी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २३ भाद्र

स्याङ्जामा कृषि र पशु क्षेत्रमा क्रियाशिल सरकारी निकायबीच एक दिने अभिमूखिकरण गोष्ठी सम्पन्न भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाको आयोजनामा पकेट/ब्लक विकास कार्यक्रम विषयमा एक दिने अभिमूखिकरण गोष्ठी सम्पन्न भएको हो।

एक दिने गोष्ठीमा कार्यक्रम कार्यान्वयन एकाईका प्रमुख अजय अधिकारी र कृषि विकास अधिकृत प्रतिभा बुढाथोकीले सहभागितहरुलाई सहजीकरण गर्दै कृषि पेशा र पशुपालनमा आबद्ध कृषकहरुको क्षमता अभिवृद्धिलाई बढवा दिन सबै पक्षको सहकार्य आवश्यक रहेको औंल्याए । कार्यक्रम एकाइ मार्फत जिल्लामा सुन्तला सुपरजोन, अदुवा-बेसार (मसला बाली) जोन, आँप-लिची, गाई-भौसी जोन संचालनमा रहेका छन् । सुपरजोन र जोन संचालन भएका स्थानीय तहका कृषकहरुलाई सेवा प्रवाहमा सहजीकरण गरिने भएको छ । गोष्ठीमा जिल्लाभित्र कृषि र पशु क्षेत्रमा कार्यरत सरकारी निकायले आर्थिक वर्ष २०८१/०८२ मा प्रदान गरेको सेवाका बारेमा समिक्षा गरेका थिए । उनीहरुले आर्थिक वर्ष २०८२/०८३ मा प्रवाह हुने सेवालाई कसरी प्रभावकारि बनाउन सकिन्छ भन्ने विषयमा गोष्ठीमा गहन छलफल र अन्तरक्रिया समे भएको थियो। त्यस अवसरमा कृषि तथा पशु प्राविधिकहरुसँग हातेमालो गर्दै कृषकहरुको सेवामा सहकार्य गर्ने कुरामा विषेश रुपमा जोड दिइएको थियो। गोष्ठीमा जिल्लास्थित कृषि तथा पशु सेवा कार्यालय र स्थानीय तहका कृषि तथा पशु शाखामा कार्यरत शाखा प्रमुख र प्राविधिक कर्मचारीको सहभागिता रहेको एकाइका लेखा प्रमुख प्रेम अर्यालले जानकारी दिए । कृषि तथा पशुपालनमा केन्द्रित कृषकलाई व्यवसायिक उत्पादनमा जोडिन आयोजकले आग्रह गरेको छ। १६ देखि ४० वर्षसम्मका युवाहरुलाई युवा उद्यमशिलतामा आबद्ध बनाउन अभियानलाई सफल बनाउन आयोजकले सेवाग्राहीलाई आग्रह गरेका छन्।